# 2020/2021

# विद्यार्थी वित्तीय सहायता योजनाहरूका लागि घरेलु आवेदन




Student Finance Office
Working Family and Student Financial Assistance Agency

(Nepali)

"विद्यार्थी वित्तीय सहायता योजनाहरूका लागि घरेलु आवेदन फाराम" परिवारमा आधारित आवेदन फाराम हो जसले प्राइमरी (प्राथमिक) र सेकेण्डरी (माध्यमिक) विद्यालय(हरू) वा किन्डरगार्टन(हरू)/बाल स्याहार केन्द्र(हरू) मा अध्ययन गर्ने बच्चा(हरू) भएका परिवारहरूलाई विद्यार्थी वित्तीय सहायताको लागि आवेदन दिनमा सहजीकरण गर्छ।

## योग्यतासम्बन्धी मापदण्डहरू

(i) आवेदकहरूले आयस्रोत जाँच (mean test) लाई उत्तीर्ण गर्नुपर्छ र आवेदकहरू विद्यार्थी-आवेदकहरूको आमाबुबा वा अभिभावक (Guardianship of Minors Ordinance, Cap 13 अन्तर्गत मान्य भए अनुसार) हुनुपर्छ। अन्यथा, आवेदकहरूले आवेदन फाराममा यसलाई किन पालना गर्न सकिँदैन भन्ने बारेमा विस्तृत रूपमा प्रमाणसहित स्पष्ट पार्नुपर्छ;

(ii) विद्यार्थी-आवेदकहरू हङकङको अविवाहित निवासी हुनुपर्छ र उनीहरूसँग हङकङमा कानूनी रूपमा स्थायी आवासको अधिकार, बसोबास गर्ने अधिकार वा बसाइको कुनै पनि शर्तबिना (बसाइको सीमा बाहेक) रहने वैध अनुमति हुनुपर्छ। भिजिट भिसा, दुइतर्फी निकास अनुमति, विद्यार्थी भिसा मात्र भएका विद्यार्थीहरू वा विद्यार्थी-भिसा/भिजिटर-भिसा धारकहरूका आश्रित व्यक्तिहरू विद्यार्थी वित्तीय सहायताको लागि आवेदन दिन योग्य हुँदैनन्।

(iii) किन्डरगार्टनमा नर्सरी, तल्लो र माथिल्लो कक्षाहरू (K1 देखि K3 सम्म) मा अध्ययन गरिरहेका विद्यार्थी-आवेदकहरू -

- 31 अगस्त 2020 मा कम्तीमा पनि 2 वर्ष 8 महिना पुगेको हुनुपर्छ (अर्थात् 31 डिसेम्बर 2017 मा वा सोभन्दा अगाडि जन्मिएको हुनुपर्छ); र
- शिक्षा ब्युरो (Education Bureau, EDB) मा दर्ता भएका किन्डरगार्टनहरूमा नर्सरी, तल्लो र माथिल्लो कक्षाहरू (K1 देखि K3 सम्म) मा अध्ययन गरिरहेको हुनुपर्छ। सो किन्डरगार्टन गैर-नाफामूलक किन्डरगार्टन हुनुपर्छ र त्यसले किन्डरगार्टन शिक्षा योजना अन्तर्गत स्थानीय पाठ्यक्रम प्रदान गर्ने हुनुपर्छ।

(iv) बाल स्याहार केन्द्रहरू (उमेर समूह 0-2) र बाल स्याहार केन्द्रहरू (उमेर समूह 2-3) मा अध्ययन गरिरहेका विद्यार्थी-आवेदकहरू -

- सामाजिक कल्याण विभाग (Social Welfare Department, SWD) मा दर्ता भएका बाल स्याहार सेवाहरू (दिवा शिशुसदन, दिवा नर्सरी वा किन्डरगार्टनसहित बाल स्याहार केन्द्रहरूमा सम्बन्धित उमेर समूहहरू) मा पूरा-दिन स्याहार सेवाहरू प्राप्त गरिरहेको हुनुपर्छ; र
- शिक्षण शुल्कमा छूटको लागि स्वयंलाई योग्य बनाउनको निम्ति उहीं मूल्याङ्कन अवधि भित्रमा उनीहरूले आयस्रोत जाँच र "सामाजिक आवश्यकताहरू" जाँचलाई उत्तीर्ण गर्नुपर्छ; र

(v) विद्यार्थी-आवेदकहरू अध्ययन गरिरहेका विद्यालयहरू निम्न योजनाहरूमा निर्धारित गरिएको श्रेणीमा पर्नुपर्छ:

## वित्तीय सहायता योजनाहरू

- **किन्डरगार्टन तथा बाल स्याहार केन्द्र शिक्षण शुल्क छूट (Kindergarten and Child Care Centre Fee Remission, KCFR) योजनाले** आवश्यकतामा रहेका परिवारहरूलाई किन्डरगार्टन शिक्षा योजना अन्तर्गतका स्थानीय गैर-नाफामूलक किन्डरगार्टनहरूमा नर्सरी, तल्लो र माथिल्लो कक्षाहरूमा अध्ययन गर्ने र/वा बाल स्याहार केन्द्रहरूमा पूरा-दिन बाल स्याहार सेवाहरू प्राप्त गर्ने उनीहरूको बच्चाहरूलाई शिक्षण शुल्कमा छुटको रूपमा वित्तीय सहायता उपलब्ध गराउँछ।

- **किन्डरगार्टन विद्यार्थीहरूलाई विद्यालयसम्बन्धी खर्चहरूका लागि अनुदान (Grant for School-related Expenses for Kindergarten Students, Grant-KG) योजनाले** KCFR योजना अन्तर्गत आयस्रोत जाँच उत्तीर्ण गर्न तथा समान योग्यतासम्बन्धी मापदण्डहरू पूरा गर्न सक्ने आवश्यकतामा रहेका किन्डरगार्टन विद्यार्थीहरूलाई किन्डरगार्टन शिक्षा योजना अन्तर्गत विद्यार्थीहरूको किन्डरगार्टन शिक्षामा लाग्ने विद्यालयसम्बन्धी खर्चहरू भुक्तानी गर्न अतिरिक्त अनुदान उपलब्ध गराउँछ।

- **विद्यालय पाठ्यपुस्तक सहायता (School Textbook Assistance, TA) योजनाले** आवश्यक पाठ्यपुस्तक र विद्यालयसम्बन्धी विविध खर्चहरूको शुल्कहरूलाई समेट्नको लागि प्रत्यक्ष अनुदान योजना अन्तर्गत सरकारी, आर्थिक सहायता-प्राप्त, प्रति व्यक्ति अनुदान-प्राप्त विद्यालयहरू (पर क्यापुत ग्रान्ट स्कूल) तथा स्थानीय विद्यालयहरूमा रहेका प्राइमरी (प्राथमिक) 1 देखि सिनियर सेकेण्डरी (माध्यमिक) 3/माध्यमिक 6 मा अध्ययनरत आवश्यकतामा रहेका विद्यार्थीहरूलाई सहायता उपलब्ध गराउँछ।

- **विद्यार्थी यात्रा अनुदान (Student Travel Subsidy, STS) योजनाले** औपचारिक प्राथमिक वा माध्यमिक तथाको शिक्षा प्राप्त गरिरहेका वा कुनै स्वीकार्य संस्थामा फर्स्ट डिग्री तहसम्म पूर्णकालीन दिवा पाठ्यक्रम अध्ययन गरिरहेका त्यस्ता विद्यार्थीहरू, जो विद्यालयबाट हिँडेर जाँदा 10 मिनेटभन्दा बढीको दुरीमा बस्छन् र विद्यालय जाँदा सार्वजनिक यातयातको साधन प्रयोग गर्छन्, उनीहरूलाई यातायात अनुदान उपलब्ध गराउँछ।

- **इन्टरनेट उपयोग शुल्कको लागि अनुदान योजना (Subsidy Scheme for Internet Access Charges, SIA)** ले प्राइमरी वा सेकेण्डरी तहमा पूर्ण-कालिन अध्ययन गर्ने बालबालिका, वा पूर्ण-कालिन डिप्लोमा Yi Jin (DYJ) (2016 भन्दा अगाडि Yi Jin Diploma (YJD) भनेर चिनिने) कार्यक्रमहरू वा सो सरहको व्यावसायिक तालिम परिषदको कोर्सहरू गर्दै गरेका विद्यार्थीहरूलाई घरमा इ-लर्निङको लागि आवश्यक इन्टरनेटको उपयोग गराउन त्यस्ता बच्चाहरू भएका परिवारलाई अनुदान उपलब्ध गराउँछ। योग्य परिवारहरूले घरमा बालबालिकाहरूको सङ्ख्या जति भए पनि घर-परिवारको हिसाबले निर्धारित एक समान नगद अनुदान प्राप्त गर्नेछन्।

## आवेदनसम्बन्धी प्रक्रियाहरू

यदि परिवारहरूले 2020/21 विद्यालय वर्षको निम्ति विद्यार्थी वित्तीय सहायताको लागि आवेदन दिन चाहेमा कृपया घरेलु आवेदनमा मार्गनिर्देशन नोटहरू अनुसार आवेदन फाराम (SFO 106B वा SFO 7B) भर्नुहोस् र सबै आवश्यक सहायक कागजपत्रहरूको साथमा भरिएको आवेदन फारामलाई हुलाकमार्फत सोझै SFO लाई पठाउनुहोस्। हरेक परिवारले एउटा मात्र आवेदन बुझाउनुपर्छ। एउटै आवेदकबाट एकभन्दा बढी आवेदनहरू प्राप्त भएमा सो आवेदनहरूलाई खारेज गरिनेछ। आवेदनसम्बन्धी प्रक्रियाको बारेमा तल विस्तृतमा व्याख्या गरिएको छ -

**(i) प्राथमिक तथा माध्यमिक तहका विद्यार्थीहरूको वित्तीय सहायताको आवेदनहरूमा लागू हुने**

| समय | प्रक्रियाहरू |
|---|---|
| मई 2020 को अन्त्यमा वा सोभन्दा अगाडि | आवेदकहरूले पूरक फाराम (यदि लागू हुने भएमा) र सम्बद्ध सहायक कागजपत्रहरूको प्रतिलिपिहरूका साथमा पूरा भरिएको आवेदन फारामलाई बुझाउन उपलब्ध गराइएको ठेगानायुक्त खाम प्रयोग गरेर हुलाकमार्फत SFO लाई पठाउनुपर्छ। |
| **2019/20 मा विद्यालय पाठ्यपुस्तक सहायता वितरण गरिसकिएका आवेदकहरूका लागि** | |
| 2020 जुलाईको अन्त्य/अगस्तमा | यदि 31 मई 2020 मा वा सोभन्दा अगाडिसम्ममा आवेदन बुझाउने आवेदकहरूले सहायक कागजपत्रहरूका साथमा सबै जानकारी उपलब्ध गराएका छन्, योग्यतासम्बन्धी मापदण्डहरू पूरा गरेका छन् र आयस्रोत जाँच उत्तीर्ण गरेका छन् भने सन् 2020 जुलाईको अन्त्य/अगस्तमा SFO ले योग्य विद्यार्थीहरूलाई अटोपे (स्वत:-भुक्तानी) मार्फत अस्थायी विद्यालय पाठ्यपुस्तक सहायता र योग्य परिवारहरूलाई इन्टरनेट उपयोग शुल्कको लागि अनुदान निकासा गर्नेछ। SFO ले अगस्त 2020 को वरपर आवेदकहरुलाई नतिजाको सूचना* पनि जारी गर्नेछ। आयस्रोत जाँचमा उत्तीर्ण हुन नसक्ने, SFO द्वारा तय गरिएको अन्तिम मितिसम्म आवश्यक पूरक जानकारी उपलब्ध गराउन असफल हुने वा आफ्नो आवेदनहरू फिर्ता लिने परिवारहरूलाई "अयोग्यताको सूचना (Notification of Ineligibility)" जारी गरिनेछ। |
| अक्टोबर 2020 बाट सुरु हुने | अस्थायी TA वितरण गरिसकिएका विद्यार्थीहरूका लागि नयाँ विद्यालय वर्षको निम्ति पाठ्यपुस्तक अनुदान दरहरू उपलब्ध भएपश्चात् (अक्टोबर 2020 को वरपर) र अक्टोबर 2020 बाट सुरु हुनेगरी विद्यार्थी-आवेदकको विद्यालयसम्बन्धी जानकारी EDB को डेटाबेससँग रुजु गराएपश्चात् SFO ले पुन: हिसाब गर्नेछ र आवेदकहरू कति अनुदान रकम प्राप्त गर्न योग्य छन् भनेर निर्धारण गर्नेछ र आवेदकहरूलाई बाँकी अनुदान रकम निकासा गर्नेछ र बढी भुक्तानी गरिसकिएको खण्डमा आवेदकहरूबाट सो रकम फिर्ता लिनेछ। |
| **2019/20 मा विद्यालय पाठ्यपुस्तक सहायता वितरण नगरिएका वा 2020/21 मा P1 मा अध्ययन गरिरहेका बच्चाहरू भएका आवेदकहरूका लागि** | |
| अगस्त 2020 | यदि 31 मई 2020 मा वा सोभन्दा अगाडिसम्ममा आवेदन बुझाउने आवेदकहरूले सहायक कागजपत्रहरूका साथमा सबै आवश्यक जानकारी उपलब्ध गराएका छन् भने अगस्त 2020 बाट सुरु हुनेगरी SFO ले योग्य आवेदकहरूलाई "नतिजाको सूचना (Notification of Result)" *, विद्यार्थी-आधारित योग्यता प्रमाणपत्र (Eligibility Certificate, EC) र "वित्तीय सहायता योजनाहरूका लागि मार्गनिर्देशन नोटहरू (Guidance Notes on Application for Financial Assistance Schemes" जारी गर्नेछ। आयस्रोत जाँचमा उत्तीर्ण हुन नसक्ने, SFO द्वारा तय गरिएको अन्तिम मितिसम्म आवश्यक पूरक जानकारी उपलब्ध गराउन असफल हुने वा आफ्नो आवेदनहरू फिर्ता लिने परिवारहरूलाई "अयोग्यताको सूचना (Notification of Ineligibility)" जारी गरिनेछ। |
| सेप्टेम्बर 2020 | EC प्राप्त गर्ने आवेदकहरूले व्यक्तिगत जानकारी र EC मा पहिले नै प्रिन्ट गरिएको योजना(हरू) मा आफूले रोजेको योजना (हरू) लाई ध्यानपूर्वक रुजु गर्नुपर्छ। आवेदकहरूले सो EC हरूलाई भरेर आवेदन प्रक्रिया अगाडि बढाउन विद्यालय आरम्भ भएको एक हप्ता भित्र वा EC हरू जारी गरिएको मितिबाट दुई हप्ता भित्र (यी दुई मध्ये जुन पछि आउँछ) बच्चाहरू अध्ययन गर्ने विद्यालयलाई फिर्ता गर्नुपर्छ। विद्यालयहरूले विद्यार्थी-आवेदकहरूको स्थिति तथा हाजिरीलाई प्रमाणित गर्नेछन् र त्यसपछि सो EC हरूलाई SFO समक्ष पठाउनेछन्। साधारणत: SFO ले अन्तिम दिनपछि बुझाइएका कुनै पनि EC हरूलाई स्वीकार गर्ने छैन। |

| | |
|---|---|
| अक्टोबर 2020 वा त्यसपछि | फिर्ता गरिएका EC हरूलाई रुजु गरेपश्चात्, SFO ले आवेदन दिएर सम्बन्धित योजनाहरूका लागि योग्य ठहर भएका विद्यार्थीहरूलाई अटोपेमार्फत वित्तीय सहायता निकासा गर्नेछ। |

*2020/21 मा पूर्व-प्राथमिक तहका विद्यार्थीहरूका लागि वित्तीय सहयोगको निम्तिएउटै समयमा आवेदन दिने बच्चाहरू भएका आवेदकहरूका लागि, SFO ले योग्य परिवारहरूलाई SC सहित "नतिजाको सूचना (Notification of Result)" जारी गर्नेछ। विवरणको लागि, कृपया पूर्व-प्राथमिक तहका विद्यार्थीहरूको वित्तीय सहायतामा लागू हुने आवेदनसम्बन्धी प्रक्रियाहरू हेर्नुहोस्।

**(ii) पूर्व-प्राथमिक तहका विद्यार्थीहरूको वित्तीय सहायताको आवेदनहरूमा लागू हुने**

| समय | प्रक्रियाहरू |
|---|---|
| **2019/20 मा प्रि-प्राइमरी विद्यार्थीहरूका लागि मात्र (विद्यालय वर्ष 2020/21 मा P1 मा अध्ययन गर्ने विद्यार्थीहरूलाई यसमा नपर्ने) वित्तीय सहायता वितरण गरिएका आवेदकहरूका लागि** | |
| जून 2020 मा वा सो महिनाको अन्त्यभन्दा अगाडि | आवेदकहरूले "सामाजिक आवश्यकताहरू" मूल्याङ्कन फाराम (यदि लागू हुने भएमा) र सम्बद्ध सहायक कागजपत्रहरूको प्रतिलिपिहरूका साथमा पूरा भरिएको आवेदन फारामलाई बुझाउन उपलब्ध गराइएको ठेगानायुक्त खाम प्रयोग गरेर हुलाकमार्फत SFO लाई पठाउनुपर्छ। |
| अगस्त 2020 वा त्यसपछि | यदि 30 जून 2020 मा वा सोभन्दा अगाडिसम्ममा आवेदन बुझाउने आवेदकहरूले सहायक कागजपत्रहरूका साथमा सबै आवश्यक जानकारी उपलब्ध गराएका छन् भने अगस्त 2020 बाट सुरु हुनेगरी SFO ले योग्य आवेदकहरूलाई विद्यार्थी-आधारित योग्यता प्रमाणपत्र (Eligibility Certificate, EC) सहित "नतिजाको सूचना (Notification of Result)" जारी गर्नेछ।<br>सम्बद्ध SC को आवश्यकता 2020/21 विद्यालय वर्षमा अर्को विद्यालयमा स्थानान्तरण भएर जाने, पहिले नै छापिएकाभन्दा भिन्नै कक्षा र सत्र भएका र प्रि-प्राइमरीको लागि पहिलो पटक वित्तीय सहयोगको लागि आवेदन गरेका विद्यार्थी-आवेदकहरूलाई मात्र लागू छ। यस्ता मामिलाहरूमा, आवेदकहरूले SC लाई 2020/21 मा अध्ययनरत विद्यालयमा 31 अगस्त 2020 वा SC जारी गरिएको मितिबाट दुई हप्ता भित्र (जुन पछि हुन्छ त्यो) मा प्रोसेसिङको लागि अनिवार्य रूपमा बुझाउनुपर्छ। |
| **2019/20 मा प्रि-प्राइमरी विद्यार्थीहरूका लागि वित्तीय सहायता वितरण नगरिएका आवेदकहरूका लागि** | |
| जुलाई 2020 वा त्यसपछि | SFO ले विद्यालयमार्फत सम्बन्धित आवेदकहरूलाई SC सहित "विद्यार्थीहरूका लागि आर्थिक सहायता योजनाहरूका लागि घरेलु आवेदन फाराम (Household Application Form for Student Financial Assistance Schemes)" वितरण गर्नेछ र 1 अगस्त 2020 बाट आवेदनहरू लिन सुरु गर्नेछ। पूरा भरिएका आवेदन फारमहरूलाई आवेदकहरूले सकेसम्म चाँडो हुलाकद्वारा सोझै SFO लाई पठाउनुपर्छ र प्रोसेसिङको लागि SC लाई वर्ष 2020/21 मा अध्ययनरत विद्यालयमा 31 अगस्त 2020 भन्दा अगाडि बुझाउनुपर्छ। |

**ध्यान दिनुपर्ने कुराहरू:**

(i) हाल व्यापक सामाजिक सुरक्षा सहायता (Comprehensive Social Security Assistance, CSSA) प्राप्त गरिरहेका परिवारहरूमा प्राथमिक र माध्यमिक विद्यालय वा किन्डरगार्टन र सोभन्दा मुनिका अन्य कक्षा तहहरूमा अध्ययनरत बालबालिकाहरू छन् भने 2020/21 विद्यालय वर्षको लागि उनीहरूको विद्यालयको शिक्षा शुल्कमा छुट, परीक्षा शुल्क,पाठ्यपुस्तक तथा स्टेशनरीहरूको खर्च, यातायात खर्च, घरमा इन्टरनेट उपयोगको लागि लाग्ने खर्च, इत्यादिको लागि विद्यालयसम्बन्धी सहायता प्राप्त गर्न उनीहरूले सोझै SWD मा आवेदन बुझाउनुपर्छ। उनीहरूले SFO मा आवेदन बुझाउन आवश्यक छैन।

(ii) पहिले नै छापिएका कागजी फाराम बुझाउनुका अतिरिक्त 2020/21 विद्यालय वर्षबाट सुरु हुनेगरी अगाडिको विद्यालय वर्षमा पहिले नै छापिएका फारामहरू जारी गरिएका र विद्युतीय आवेदन फाराम (SFO 7B(E)) मा बुझाएका चालू आवेदकहरूले पहिला नै भरिएका विद्युतीय फाराम (SFO 107B(E)) (अर्थात् पहिले नै छापिएको फारामको विद्युतीय संस्करण) डाउनलोड गर्न र अनलाइन बुझाउन रोज्न सक्नेछन्। त्यसका अतिरिक्त, कुनै पनि आवेदकहरूले आफ्नो आवेदनहरूलाई अनलाइन बुझाउन विद्युतीय आवेदन फाराम (SFO 7B(E)) पनि प्रयोग गर्न सक्नेछन्। विवरणहरू SFO को वेबसाइट (https://www.wfsfaa.gov.hk/sfo/en/forms/form.htm) मा उपलब्ध छन्। यदि आवेदकहरूले अनलाइनबाट आवेदन फारामको विद्युतीय संस्करण बुझाएका छन् भने उनीहरूले SFO लाई छुट्टै कागजी आवेदन फाराम बुझाउनुपर्दैन।


Printed by the Government Logistics Department

(iii) **सामान्य परिस्थितिहरूमा (प्रि-प्राइमरीका विद्यार्थीहरूलाई वित्तीय सहायता बाहेक), 1 मार्च 2021 मा वा त्यसपछि बुझाइएका कुनै "विद्यार्थीहरूका लागि आर्थिक सहायता योजनाहरूका लागि घरेलु आवेदन फाराम (Household Application Form for Student Financial Assistance Schemes)" लाई SFO ले स्वीकार गर्ने छैन। हरेक वित्तीय सहायता योजनाको लागि आवेदन बुझाउने अन्तिम मिति तलको तालिकामा सूचीबद्ध गरिएको छ –**

| वित्तीय सहायता योजना | आवेदन बुझाउने अन्तिम मिति |
|---|---|
| किन्डरगार्टन तथा बाल स्याहार केन्द्र शुल्क छुट (KCFR) योजना | आवेदकहरूले 2020/21 विद्यालय वर्षमा कक्षाहरूमा अध्ययन सक्काउनुभन्दा अगाडिको मिति वा 15 अगस्त 2021 भन्दा ढिलो नहुने मिति मध्ये जुन मिति अघिल्लो हुन्छ सो मिति बमोजिम आफ्नो आवेदनलाई SFO लाई बुझाउनुपर्छ। अन्यथा, उनीहरूले आयस्रोत जाँच (means test) उत्तीर्ण गर्न सक्ने र योग्यतासम्बन्धी मापदण्ड पुऱ्याउने भए तापनि शुल्क छुट सामान्यतया निकासा हुने छैन। आवेदकहरुले आवेदन फाराम बुझाउने महिना वा विद्यार्थी-आवेदकहरुलाई किन्डरगार्टेन/बाल स्याहार केन्द्रमा भर्ना गरिएको महिना मध्ये जुन महिना पछि आउँछ त्यही महिनाबाट शिक्षा शुल्कमा छुट लागू हुन्छ। |
| किन्डरगार्टन विद्यार्थीहरू (Grant-KG) का विद्यालयसँग सम्बन्धित खर्चहरूका लागि अनुदान | आवेदकहरूले 2020/21 विद्यालय वर्षमा कक्षाहरूमा अध्ययन सक्काउनुभन्दा अगाडिको मिति वा 15 अगस्त 2021 भन्दा ढिलो नहुने मिति मध्ये जुन मिति अघिल्लो हुन्छ सो मिति बमोजिम आफ्नो आवेदनलाई SFO लाई बुझाउनुपर्छ। अन्यथा, उनीहरूले आयस्रोत जाँच उत्तीर्ण गर्न सक्ने र योग्यतासम्बन्धी मापदण्ड पुऱ्याउने भए तापनि Grant-KG सामान्यतया वितरण गरिने छैन। |
| विद्यालय पाठ्यपुस्तक सहायता (TA) योजना | आवेदकहरूले आफ्नो आवेदन 31 अक्टुबर 2020 भन्दा ढिलो नहुने गरि SFO लाई बुझाउनुपर्छ । अन्यथा, उनीहरूले आयस्रोत जाँच उत्तीर्ण गर्न सक्ने र योग्यतासम्बन्धी मापदण्ड पुऱ्याउने भए तापनि विद्यालय पाठ्यपुस्तक सहायता सामान्यतया निकासा हुने छैन । |
| विद्यार्थी यातायात अनुदान (STS) योजना | 1 नोभेम्बर 2020 मा वा त्यसपछि आफ्नो आवेदन फारम बुझाउने र आयेस्रोत जाँच पास गर्ने र योग्यतासम्बन्धी मापदण्ड पुऱ्याउने आवेदकहरूको सम्बन्धमा, योग्य विद्यार्थी-आवेदकहरूलाई विद्यार्थी यातायात अनुदान (यदि लागू हुने भएमा) भुक्तान गर्ने कार्य हरेक मामिलाहरूको परिस्थितिहरूको आधारमा, आवेदन प्राप्त भएको मितिबाट वा विद्यार्थी-आवेदकलाई विद्यालयमा भर्ना गरेको मितिबाट (वा पहिले CSSA प्राप्त गरिरहेका विद्यार्थीहरूको लागि CSSA प्राप्त हुन बन्द भएको मितिबाट) सुरु गरिनेछ। |
| इन्टरनेट उपयोग शुल्क अनुदान योजना (SIA) | 1 फेब्रुअरी 2021 मा त्यसपछि आफ्नो आवेदन फारम बुझाउने आवेदकहरूको सम्बन्धमा, यदि आवेदकहरू आयस्रोत जाँच उत्तीर्ण गर्न र योग्यतासम्बन्धी मापदण्ड पुऱ्याउन सक्ने योग्य आवेदकहरूलाई SIA को आंशिक भुक्तानी गरिन सक्छ। |

(iv) SFO ले आवेदनहरू प्राप्त भएको जानकारी आवेदकको हङकङको मोबाइल फोन नम्बरमा SMS पठाएर वा लिखित रूपमा (हङकङको मोबाइल फोन नम्बर उपलब्ध गराउन असमर्थ आवेदकहरूलाई लागू) दिनेछ। यदि आवेदकहरूले आवेदन फाराम बुझाएको 20 कार्य दिन भित्रमा SFO बाट SMS वा लिखित रूपमा आवेदन प्राप्त गरेको जानकारी प्राप्त गरेनन् भने गलत डेलिभरी भएको वा डेलिभरी नै नभएको कारणले आवेदन प्रक्रियामा ढिलाइ हुन नदिनका लागि SFO ले आवेदन प्राप्त गरेको छ कि छैन भनेर जाँच्न कृपया SFO को सोधपुछ हटलाइन (2802 2345) मा फोन गर्नुहोस्।

## आयस्रोत जाँच (MEANS TEST) तथा सहायताका तहहरू

(i) विद्यार्थी वित्तीय सहायता र यसको सहायता तहको लागि परिवारको योग्यता निर्धारण गर्न SFO ले "समायोजित पारिवारिक आय" (Adjusted Family Income AFI) पद्धतिको प्रयोग गर्नेछ। यसको सूत्र यस्तो छ:

$$\text{AFI} = \frac{\text{परिवारको कुल वार्षिक आय}}{\text{परिवारको सदस्य सङ्ख्या} + (1)}$$

(ii) परिवारको कुल वार्षिक आयमा आवेदक र उनको पति/पत्नीको वार्षिक आय; यदि हुने लागू भएमा परिवारसँगै बसोबास गर्ने अविवाहित सन्तान/सन्तानहरूको वार्षिक आयको 30%; यदि लागू हुने भएमा आफन्त/साथिहरूले गरेका आर्थिक योगदानहरू पर्दछन्।

(iii) सामान्यतया परिवारका सदस्यहरू भन्नाले आवेदक, उनको पति/पत्नी, परिवारसँगै बसोबास गर्ने अविवाहित सन्तान/सन्तानहरू र आवेदक वा उनको पति/पत्नीले सहारा प्रदान गरिरहेका आश्रित आमाबुबा(हरू) लाई बुझिन्छ।

(iv) 2 देखि 3 जनासम्म सदस्यहरू भएका आमा वा बुबामात्र हुने परिवारहरूको सम्बन्धमा, AFI सूत्रको भाजक "प्लस 1 फ्याक्टर" बढेर 2 हुनेछ।

(v) 2020/21 विद्यालय वर्षमा सहायताका विभिन्न तहहरूका लागि योग्यतासम्बन्धी मापदण्डहरू तलको तालिकामा सूचीबद्ध गरिएको छ। कृपया AFI भनेको परिवारको औसत आय होइन भन्ने कुरा ध्यानमा राख्नुहोस्।

| 2020/21 विद्यालय वर्ष - AFI समूहहरू (HK$) | सहायताको तह |
|---|---|
| 0 – 41,568 | पूर्ण / पूर्ण छुट (100%) * |
| 41,569 – 80,378 # | आधा /1/2 छुट (50%) * |
| > 80,378 | अयोग्य (योग्य नभएका आवेदनहरू) |

* 2020/21 विद्यालय वर्षमा 3-सदस्यीय तथा 4-सदस्यीय परिवारहरूको सम्बन्धमा, पूर्ण सहायता तहको लागि AFI सीमा क्रमश: $50,323 तथा $46,297 रहेको छ। आमा वा बुबा मात्र रहेको 2-सदस्यीय तथा 3-सदस्यीय परिवारहरूको सम्बन्धमा, पूर्ण सहायता तहको लागि AFI सीमा निर्धारण गर्न र AFI को हिसाब गर्नका लागि उनीहरूलाई क्रमश: 3-सदस्यीय तथा 4-सदस्यीय परिवारहरूको रूपमा मानिनेछ।

\# प्रि-प्राइमरी विद्यार्थीहरूलाई वित्तीय सहायताको लागि, यदि परिवारको AFI $41,569 तथा $50,919 को बीचमा छ भने सहायताको तह 3/4 (75%) हुन्छ; र यदि AFI $50,920 तथा $80,378 को बीचमा छ भने सहायताको स्तर आधा छुट (50%) हुन्छ।

## अनुदान निकासा

- प्राइमरी तथा सेकेण्डरी विद्यार्थीहरूको वित्तीय सहायताको लागि, SFO ले योग्य आवेदकहरूलाई अटोपे (autopay) मार्फत वित्तीय सहायता वितरण गर्नेछ। (नोट: सामान्यतया योग्य आवेदकहरूलाई TA तथा SIA को अस्थायी रकम जुलाई/अगस्तको अन्त्यतिरबाट वितरण गरिन्छ तर STS भने अक्टोबरपछि मात्र निकासा गरिन्छ। नयाँ आवेदकहरूलाई सामान्यतया अक्टोबरमा वा अक्टोबरपछि मात्र अनुदान रकम वितरण गरिनेछ।)
- प्रि-प्राइमरी विद्यार्थीहरूका लागि, शुल्क छुट रकमको नतिजाको सूचना (notification of result) जारी भएको 10 कार्य दिन भित्रमा शिक्षा शुल्क छुटको लागि स्वीकृत रकम ट्रेजरीले सोझै किन्डरगार्टन/बाल स्याहार केन्द्रहरूलाई भुक्तान गर्नेछ। त्यसपछि किन्डरगार्टन/बाल स्याहार केन्द्रहरूले आवेदकहरूलाई भुक्तानी गर्ने व्यवस्था मिलाउनेछन्। (नोट: सेप्टेम्बर 2020 को अन्त्यतिरबाट सुरु गर्दै SFO ले योग्य आवेदकहरूको शुल्क छुट सम्बन्धित विद्यालयमार्फत र किन्डरगार्टन विद्यार्थीहरूका लागि विद्यालयसम्बन्धी खर्चहरूका लागि अनुदान योग्य आवेदकहरूका बैंक खातामा अटोपेमार्फत खण्ड-खण्ड गरेर वितरण गर्नेछ।

## सोधपुछ

- वित्तीय सहयता योजना तथा आवेदन प्रक्रियासँग सम्बन्धित सोधपुछको लागि, कृपया हाम्रो 24 घण्टे सोधपुछ हटलाइन 2802 2345 मा फोन गर्नुहोस्। हटलाइनमा फोन गर्दा यदि आवेदकहरूले जातीय अल्पसंख्यक भाषा (बाहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पञ्जाबी, टागालोग, थाई र उर्दुसमेत) मा आवेदनसम्बन्धी सोधपुछ गर्न चाहन्छन् भने कृपया टेलिफोन लाइनमा सम्पर्क स्थापित भइसकेपछि '4' नम्बरलाई थिचेर 'अन्य भाषाहरू' को विकल्प चयन गर्नुहोस्। वैकल्पिक रूपमा, थप जानकारीको लागि आवेदकहरू SFO को गृहपृष्ठ (www.wfsfaa.gov.hk/sfo) जान सक्छन्।
- आवेदकहरूलाई अङ्ग्रेजी तथा अन्य जातीय अल्पसंख्यक भाषाहरूमा अनुवाद तथा दोभाषे सेवाको आवश्यकता परेमा त्यसको लागि अल्पसंख्यक जातिका निवासीहरूका मधुर सम्बन्ध तथा संवर्द्धन केन्द्र (Centre for Harmony and Enhancement of Ethnic Minority Residents, CHEER) लाई फोनबाट सम्पर्क गर्न सकिन्छ। CHEER को हटलाइन नम्बरहरू तल सूचीबद्ध गरिएका छन्-

  बाहासा इन्डोनेसिया (3755 6811); हिन्दी (3755 6877); नेपाली (3755 6822); पञ्जाबी (3755 6844); टागालोग (3755 6855); थाई (3755 6866) र उर्दु (3755 6833)

  CHEER का सेवाहरूको विस्तृत विवरणहरूका लागि आवेदकहरू यसको गृहपृष्ठ (http://www.hkcs.org/en/services/cheer) मा पनि जान सक्छन्।